# प्रेस विज्ञप्ती - १६२
# Press Release-162

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर.काठमाडौं
मितिः-२०७३/०२/१६ गते

## ३ के.जि.१७७.५ ग्राम कोकिन सहित चाईनीज नागरीक पक्राउ

बिगत केहि समय यता बिभिन्न देशमा सन्जाल बनाई लागु औषध कोकिनको अवैध कारोबारमा सक्रिय अपराधिक समुहहरुले नेपाललाई समेत ट्रान्जिट केन्द्र बनाएर बिभिन्न देशमा लागु औषध कोकिन पठाउने असफल प्रयास भैरहेको सन्दर्भमा यहि मिति २०७३।०२।१५ गते २०:३५ वजेको समयमा Airport चेक पोईन्टबाट लागु औषध नियन्त्रण ब्यूरोको टोलि द्वारा बिशेष सूचनाका आधारमा चाईनीज नागरीक पासपोर्ट नं. K02334575 बाहक २१ वर्षिय CHUN MAN HO ले सुट्केसमा फल्स बटम बनाई लुकाई-छिपाई काठमाण्डौबाट Flight No 115 को मलेशियन एयरद्वारा कोलालम्पुर हुँदै हङ्कङ्ग लैजान लागेको अवस्थामा अवैध ***लागु औषध कोकिन ३ के.जि.१७७.५ ग्राम*** सहित पक्राउ गरेको ।

- निज CHUN MAN HO ले 18 May 2016 मा काठमाण्डौ आएकी BOLIVIA की नागरीक सँग 26 May 2016 मा एयरपोर्ट छेउको एक होटलबाट अनुसन्धान जारी रहेकोले होटलको नाम गोप्य राखिएको छ) उक्त लागु औषध कोकिन लिएको प्रारम्भिक अनुसन्धानबाट खुल्न अएको ।
- निज CHUN MAN HO 6 Feb 2016 मा पहिलो पटक हङ्कङ्ग बाट दुवई गई एक हप्ता बसी अफ्रिकी मूलको एक व्यक्तिबाट बोर्डिङ्ग भएको स्थानबाट कोकिन प्राप्त गरी हङ्कङ्ग फर्केको । उक्त कोकिन पुऱ्याए वापत निजले हङ्कङ्ग डलर ४०,०००।- (चालीस हजार) प्राप्त गरेको ।
- दोश्रो पटक हङ्कङ्गबाट दुवई गई ३ दिन बसी अफ्रिकी मूलको सोही ब्यक्तिबाटै बोर्डिङ्ग भएको स्थानबाट कोकिन प्राप्त गरी हङ्कङ्ग फर्केको । उक्त कोकिन पुऱ्याए वापत हङ्कङ्ग डलर ६०,०००।- (साठी हजार) प्राप्त गरेको ।
- हाल पक्राउ परेको ३ के.जि.१७७.५ ग्राम कोकिन काठमाण्डौ-कोलालम्पुर हुदै हङ्कङ्ग पुऱ्याए वापत हङ्कङ्ग डलर ३०,०००।- (तीस हजार) दिने सहमती भएको प्रारम्भिक अनुसन्धान बाट खुलेको ।
- CHUN MAN HO ले विभिन्न देशमा गई प्राप्त गरेको लागु औषध कोकिन हङ्कङ्गको YUANAL भन्ने स्थानमा वस्दै आएको चाईनाको प्रमूख कारोवारी Sam भन्ने व्यक्तिलाई दिने गरेको प्रारम्भिक अनुसन्धान बाट खुल्न आएको ।
- बोलिभिया, हङ्कङ्ग, चाईना तथा दुबईका साउथ अफ्रिकन मुलका कोकिन कारोबारीहरु सक्रिय रहेको । साथै उक्त कोकिनको अन्तिम गन्तब्य युरोपियन मुलुक , चाईना तथा पूर्वी एशियाका मूलुकहरु नै रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको ।
- उक्त बरामद अवैध लागु औषध कोकिनको अन्तर्राष्ट्रिय बजार मूल्य ६ करोड ३५ लाख ५० हजार हुन आउछ ।

●●●

फोन नं. ४६०१०४८/फ्याक्स नं. ४६०१९७८, ईमेलः ncbnepal@gmail.com


लागू औषध नियन्त्रण ब्यूरो
Rest Room


लागू औषध नियन्त्रण ब्यूरो
काठमाडौं




लागू औषध नियन्त्रण ब्युरो



सुट्केसमा फल्स बटम बनाई लुकाई-छिपाई (Concealment) गरी तयार पारीएको दृष्य ।